महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश

## ३०५००१३०११

## बिराटनगर महानगरपालिका , मोरङ

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-११-२१

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश ,
बिराटनगर महानगरपालिका , मोरङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस मन्त्रालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०९।२६ मा छलफल पश्चात् तयार गरिएको अनुसूचीसहित पाना- २७ (सत्ताइस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

मन्त्रालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुनबमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमानबमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३८ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

योग्य प्रसाद राई
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, बिराटनगर,
मोरङ्ग ।, province1.ptco@gmail.com

# परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** नेपालको संविधानबमोजिम देशलाई संघीय ढाँचामा पुनर्संरचना गर्ने उद्देश्यका साथ संविधानको भाग १३ मा प्रदेश कार्यपालिकासम्बन्धी व्यवस्था भए अनुरूप संविधानको धारा १६८ अनुसार मिति २०७४।११।३ मा प्रदेश मन्त्रिपरिषद्को गठन भएको हो । प्रदेश संरचनाको स्थापना कालमा गठन भएको ७ वटा मन्त्रालयमध्येको आर्थिक मामिला तथा योजना मन्त्रालय मिति २०७४।११।३ मा गठन भएको हो । प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वियन र नियमन, प्रदेश स्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, प्रदेश सार्वजनिक खर्चसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वियन र नियमन, संघीय नीति अनुरुप सहवित्तीयकरण, प्रदेशस्तरका सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमनलगायत २४ वटा कार्यहरू यस मन्त्रालयको कार्य क्षेत्र तोकिएको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित काननको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र विधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा मन्त्रालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुखलगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्रसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँचजस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(ङ) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ५४६१०९३३.४६, राजश्वतर्फ रु. २६८६४५.०, धरौटीतर्फ रु. ३६४३०४.६९ गरी जम्मा रु. ५५२४३८८३.१५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(च) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजनाअनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ९,४६४.०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | ममता चौलागाई तिमलसिनालाई बढी ग्रेड भुक्तानी दिएको रकम असुली | १४६४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **कार्य जिम्मेवारीः**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वियन र नियमन, आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक स्थायित्व र मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वियन र नियमन, सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर, राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग, विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्यांकन, राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वियन र नियमन, सार्वजनिक खर्चसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वियन र नियमन तथा स्थानीय तह अनुदान, संघीय नीति अनुरुप सहवित्तीयकरण, आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वियन र नियमन, राजस्व चुहावट नियन्त्रणसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वियन र नियमन, तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वियन र नियमन, आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्यलगायतको कार्यक्षेत्र तोकिएकोमा कार्यान्वियन अवस्था देखिने गरी प्रगति प्रतिवेदन तयार गरेको देखिएन । अतः नियमावलीमा तोकिएबमोजिम मन्त्रालयको कार्य जिम्मेवारी पूरा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **कानुन निर्माणः**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश राजश्व तथा आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वियन र नियमन गर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार ६ ऐन, ४ नियमावली, ९ कार्यविधि र ३ निर्देशिका समेत कुल २२ कानुन तथा कार्यविधिहरू निर्माण भई कार्यान्वियनमा रहेका छन् । आवश्यक प्रदेश कानुनहरू समयमै निर्माण गर्नुपर्ने तथा कानुन कार्यान्वियन अवस्थाको विश्लेषण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनः**

प्रदेश प्रमुखद्वारा प्रदेश सभामा पेश भएको प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यबीच तादाम्यता हुने गरी बजेट विनियोजन गर्नुपर्दछ । नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमलाई बजेट तथा कार्यक्रममा समावेश गर्ने जिम्मेवारी सम्बन्धित विषयगत मन्त्रालयको हुने गर्दछ । यस वर्ष मन्त्रालयसँग सम्बन्धित विकास आयोजनाको प्राथमिकीकरण गरी छनोट गर्न परियोजना बैंक तयार गर्ने, वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने, समृद्ध अर्थतन्त्रको आधार तयार गर्न प्रदेशको आर्थिक विकासको क्षेत्रमा निजी लगानी आकर्षिक गर्ने, आन्तरिक राजश्वको योगदान बढाउन सम्भाव्य क्षेत्रको पहिचान गर्ने, तीनै तहको सहलगानीमा व्यवसायिकरुपमा सम्भाव्य एवम् उच्च प्रतिफलयुक्त परियोजना सञ्चालन गर्नेलगायतका नीति तथा कार्यक्रमहरू रहेका छन् । उपरोक्तबमोजिमका सबै नीति तथा कार्यक्रमहरू कार्यान्वय गर्ने गरी बजेट विनियोजन भएको देखिएन । बजेट वक्तव्यमा उल्लेख भएमध्ये वित्तीय सुशासन जोखिम मूल्याकंन गरी उत्कृष्ट कार्य सम्पादन भएका कार्यालय र कर्मचारीलाई पुरस्कृत गर्ने, आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन इ-लर्निङ प्लेटफर्म स्थापना गर्ने, प्रदेश लगानी सम्मेलन आयोजना गर्ने, सबै कार्यालयको जिन्सी निरीक्षण गरी लिलाम गर्नुपर्ने सामग्री तथा साधनको लिलाम प्रकृया दोस्रो त्रैमासिकभित्र गरिसक्ने व्यवस्था गर्ने, सहभागितामूलक योजना तर्जुमालाई फागुन महिनादेखि नै सुरु गर्ने, परियोजना बैंक स्थापना गर्ने, राजश्व चुहावट नियन्त्रणसम्बन्धी नीति तथा कानुन तर्जुमा गरी राजश्व संकलनमा सूचना प्रविधिको प्रयोग बढाउने, प्रदेशको सार्वजनिक वन क्षेत्र, प्राकृतिकरुपमा सौन्दर्य स्थान तथा सार्वजनिक र सरकारी जग्गामा प्रदेश सरकारले होर्डिङ बोर्ड र विज्ञापनजन्य सामग्रीहरू तयार गरी प्रतिस्पर्धात्मक ढंगले उपयोग गरी प्रदेश सरकारको आम्दानी अभिवृद्धि

गर्नेलगायतका कार्यक्रम कार्यान्वयनमा आएको देखिएन । अतः नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमलाई बजेट वक्तव्यमा समावेश गर्ने तथा बजेटले सम्बोधन गरेका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **बजेट तथा खर्चः**

प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले बजेट वक्तव्यमार्फत् यस वर्ष रु. ३९ अर्व ७३ करोड ८३ लाख बजेट विनियोजन गरेकोमा संशोधित बजेट रु. ३९ अर्व ९२ करोड ७५ लाख ४३ हजार कायम गरेको छ । जसमध्ये चालु खर्चतर्फ रु. १६ अर्व २८ करोड ४३ लाख ८१ हजार र पुँजीगत खर्चतर्फ रु. . २३ अर्व ६४ करोड ३१ लाख ६२ हजार विनियोजन भएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पेस भएको विवरणअनुसार प्रदेशअन्तर्गत् संघीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व र गत वर्षको बचतसमेत रू. ३५ अर्ब ९५ करोड ५३ लाख आय भएकोमा रू. ३० अर्ब ७५ करोड ७८ लाख खर्च भई रू. ५ अर्ब १९ करोड ७५ लाख बचत भएको छ । विनियोजित बजेटमध्ये चालु खर्चतर्फ सञ्चित कोषमा व्ययभार पर्ने रकमसमेत रु. १२ अर्व ६४ करोड ५२ लाख ३२ हजार तथा पुँजीगत खर्चतर्फ रु. १८ अर्व ११ करोड २५ लाख ४९ हजार खर्च भएको छ । कुल बजेटको तुलनामा खर्च ७७.०३ प्रतिशत रहेको छ, जसमध्ये कुल खर्चको अनुपातमा चालु खर्चतर्फ ४१.११ प्रतिशत र पुँजीगत खर्चतर्फ ५८.८९ प्रतिशत खर्च भएको छ । विनियोजनको तुलनामा चालु खर्चतर्फ ७७.६५ प्रतिशत र पुँजीगत खर्चतर्फ ७६.६१ प्रतिशत मात्र खर्च भएको छ । खर्चमध्ये संघीय सरकारलाई रू. १ अर्ब ५६ करोड ०६ लाख अनुदान फिर्ता भएको देखिन्छ । बजेट तथा कार्यक्रमको समुचित परिचालन गर्न नसक्दा पुँजीगत खर्चको स्थिति कमजोर रहेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६ **जिल्लागत वजेट र खर्चः**

प्रदेशको बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ मा बजेट सीमा निर्धारण तथा तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य, दिगो विकास लक्ष्य, सामाजिक तथा साँस्कृतिक विविधता र समावेशीतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तीकरणका लागि बजेट विनियोजन गर्नुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारले यस वर्ष रु. ३० अर्व ७५ करोड ७७ लाख ८१ हजार खर्च गरेकोमा सोको विवरण देहायअनुसार रहेको छः

| क्र.सं. | जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | जनसंख्या (२०७८ अनुसार) | जिल्लागत बजेट | खर्च | बजेटको तुलनामा खर्च प्रतिशत | कुल खर्चमा जिल्लागत खर्च प्रतिशत | क्षेत्रफल अनुसार खर्च (प्रति वर्ग कि.मि.) | जनसंख्या अनुसार खर्च (प्रति व्यक्ति) |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलाम | १७०३ | २७९५३४ | १६८२१०१ | १३५०११५ | ८० | ४ | ७९३ | ५ |
| २ | उदयपुर | २०६३ | ३४०७२१ | २४९४३६९ | १८४०५४७ | ७४ | ६ | ८९२ | ५ |
| ३ | ओखलढुंगा | १०७४ | १३९५५२ | २४०१७९३ | २१३१६०८ | ८९ | ७ | १९८५ | १५ |
| ४ | खोटाङ | १५९१ | १७५२९८ | १२५५२९४ | १०८९९०५ | ८७ | ४ | ६८५ | ६ |
| ५ | झापा | १६०६ | ९९८०५४ | ५३४१३४२ | ४२१३५५६ | ७९ | १४ | २६२४ | ४ |
| ६ | ताप्लेजुङ | ३६४६ | १२०५९० | ५६९७३० | ४७८७३० | ८४ | २ | १३१ | ४ |
| ७ | तेह्रथुम | ६७९ | ८८७३१ | ५४८०९६ | ४४९६५४ | ८२ | १ | ६६२ | ५ |
| ८ | धनकुटा | ८९१ | १५०५९९ | २०९८५५९ | १७८०७६९ | ८५ | ६ | १९९९ | १२ |
| ९ | पाँचथर | १२४१ | १७२४०० | २४८६८६२ | १९९३६१७ | ८० | ६ | १६०६ | १२ |
| १० | भोजपुर | १५०७ | १५७९२३ | २४०११०७ | १८७७३१० | ७८ | ६ | १२४६ | १२ |
| ११ | मोरङ | १८५५ | ११४८१५६ | १३३९३०६३ | ९२९२२०५ | ६९ | ३० | ५००९ | ८ |
| १२ | सुनसरी | १२५७ | ९२६९६२ | २८९०२७८ | २३५२९५९ | ८१ | ८ | १८७२ | ३ |
| १३ | सोलुखुम्बु | ३३१२ | १०४८५१ | ५३३३३५ | ४०४३७३ | ७६ | १ | १२२ | ४ |
| १४ | संखुवासभा | ३४८० | १५८०४१ | १८३१६१४ | १५०२४३३ | ८२ | ५ | ४३२ | १० |
| कुल जम्मा | | २५९०५ | ४९६१४१२ | ३९९२७५४३ | ३०७५७७८१ | ७७ | १०० | ११८७ | ६ |

**नोटः** केही कार्यालयहरू एक जिल्लामा भएतापनि उक्त कार्यालयले अन्य जिल्लाको लागि समेत खर्च गर्ने गरेको देखिन्छ तर जिल्लागतरुपमा भएको वास्तविक खर्च विवरण प्राप्त हुन सकेन । अतः प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त जिल्लागत खर्च विवरणको आधारमा विश्लेषण गरिएको छ ।

उपरोक्त विवरणअनुसार कुल खर्चमध्ये सबैभन्दा बढी मोरङ जिल्लामा ३०.२१ प्रतिशत र सबैभन्दा कम सोलुखुम्बु जिल्लामा १.३१ प्रतिशत खर्च भएको छ, जसको अनुपात १:०.०४ हुन आउँछ । क्षेत्रफलको आधारमा खर्चको तुलना गर्दा सोलुखुम्बु जिल्लामा एक वर्ग कि.मि. को लागि रु. १ लाख २२ हजार खर्च भएकोमा मोरङ जिल्लामा रु. ५० लाख ०९ हजार खर्च भएको देखिन्छ । औसतमा एक वर्ग कि.मि.को लागि रु. ११ लाख ८७ हजार खर्च भएकोमा ७ वटा जिल्लामा औसतभन्दा कम खर्च भएको देखिन्छ । त्यस्तै, जनसंख्याको आधारमा खर्चको तुलना गर्दा सुनसरी जिल्लामा एक जनाको लागि रु. २ हजार ५३८ खर्च भएकोमा ओखलढुंगा जिल्लामा रु. १५ हजार २७५ खर्च भएको देखिन्छ भने सुनसरी जिल्लाभन्दा झापा जिल्लाको जनसंख्या ७.६७ प्रतिशतले बढि रहेकोमा खर्च भने ७९.०७ प्रतिशतले बढेको देखिन्छ । औसतमा एक जनाको लागि रु. ६ हजार १९९ खर्च भएकोमा ७ वटा जिल्लामा औसतभन्दा कम खर्च भएको देखिन्छ । जिल्लागत बजेट र खर्चको अनुपातमा ठूलो अन्तर रहेको देखिन्छ । प्रदेशको आवधिक योजनाले लिएको लक्ष्य तथा दिगो विकास लक्ष्य प्राप्त गर्न, भौगोलिक सामञ्जस्यता कायम हुने गरी सबै जिल्लामा समानरूपमा विकास गर्न र सामाजिक तथा साँस्कृतिक विविधता र समावेशीतालाई कार्यान्वियन गर्नका लागि जिल्लागत रुपमा विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **राजस्व प्राप्तिः**

प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको सञ्चित कोषको विवरणअनुसार आर्थिक वर्ष २०७९।८० को गत वर्षको बचत, कर र अन्य राजस्व समेत कुल आय रू. ३५ अर्ब ९५ करोड ५३ लाख ०६ हजार रहेकोमा राजश्व बाँडफाँडको रु. ७४ करोड ५६ लाख १३

हजार पछिल्लो आर्थिक वर्षमा जम्मा भएको देखिन्छ । जसमध्ये संघीय राजश्व बाँडफाँटबाट रू. ९ अर्ब १५ करोड ०३ लाख ९६ हजार (२५.४५ प्रतिशत), संघीय सरकारबाट हस्तान्तरित अनुदान रू. १५ अर्ब ८२ करोड ३८ लाख २२ हजार (४४.०१ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रू. ३ अर्ब ८१ करोड ६३ लाख ३९ हजार (१०.६१ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट रु. ७ अर्ब १६ करोड ४७ लाख ४९ हजार (१९.९३ प्रतिशत) प्राप्त भएको देखिन्छ । जसअनुसार आयको उल्लेखनीय हिस्सा संघीय अनुदान तथा संघीय राजश्व बाँडफाँड र गत वर्षको मौज्दात रकम रहेको देखिएकोले आन्तरिक राजश्वको दायरा फराकिलो बनाई आन्तरिक आय संकलनमा थप जोड दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **राजस्व छुटः**

प्रदेश आर्थिक ऐन, २०७९ को दफा १३ मा प्रदेश सरकारले आवश्यकताअनुसार यो ऐन र प्रचलित अन्य कानुनबमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्णरुपमा छुट दिन सक्ने, मन्त्रालयले प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्था र मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्थालाई यस ऐनबमोजिम लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन, आंशिक वा पूर्णरुपमा छुट दिन सक्ने र यसरी आंशिक वा पूर्णरुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेश गर्नुपर्ने उल्लेख रहेको छ । साथै, ऐनको अनुसूचीमा विभिन्न सेवाको दस्तुर, शुल्क र करको दरमा छुट हुने उल्लेख रहेकोमा मन्त्रालयले यस वर्ष कुन क्षेत्रमा के कति छुट प्रदान गरेको सोको एकीकृत विवरण तयार नगरेको हुँदा प्रदेश मातहत प्रदान गरेको राजस्व छुटको वास्तविक अवस्था यकिन हुन आएन । प्रदेश मातहतका कर, राजस्व, तथा शुल्कमा छुट प्रदान गरेको सम्बन्धमा एकीकृत विवरण देखिने स्वचालित तथ्याङ्क प्रणाली विकास गर्ने र सोको प्रभावकारितासम्बन्धमा आवधिक समिक्षा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **कर तथा शुल्क संकलनः**

प्रदेश आर्थिक ऐन, २०७९ को दफा ५, ६, ८ र ९ मा क्रमशः मनोरञ्जन कर, प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क, पर्यटन शुल्क र विज्ञापन करसम्बन्धी व्यवस्था गरेको छ । उल्लिखित कर तथा शुल्क सम्बन्धित स्थानीय तहले संकलन गरी स्थानीय विभाज्य कोषमा जम्मा गर्ने र संकलित रकममध्ये चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, ऐनमा पालिकाले आफ्नो क्षेत्रभित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने, स्थानीय तहले अनिवार्यरुपमा अनुगमन गरी मनोरञ्जन कर असुल गर्नुपर्ने, पालिकाभित्र रहेका उद्यान, पार्कलगायत अन्य पर्यटकीय स्थल प्रवेश गरेबापत सम्बन्धित पालिकाले पर्यटन शुल्क लगाई असुल गर्ने र स्थानीय तहले केन्द्रलगायत मुख्य मुख्य बजार तथा व्यापारिक केन्द्रहरूमा विज्ञापन कर लगाई असुल गर्नुपर्नेजस्ता विषयहरू रहेका छन् । मन्त्रालयले कानुनमा भएको व्यवस्थाअनुसार स्थानीय तहबाट चालिस प्रतिशतले प्राप्त हुनुपर्ने कर तथा शुल्क रकम प्रदेश सञ्चित कोषमा दाखिला भए नभएको यकिन गर्न अनुगमन तथा नियन्त्रण संयन्त्रको विकास गरेको देखिएन । ऐनबमोजिमको सबै स्थानीय तहले कर तथा शुल्क संकलन गरेको र संकलित रकम बाँडफाँड गरेको यकिन तथ्यांक छैन । अतः मन्त्रालयले ऐनबमोजिम सबै स्थानीय तहले उठाउने कर तथा शुल्कसम्बन्धी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति, ठेक्का आव्हान, स्वीकृति तथा सम्झौता, असुली, बाँडफाँड र दाखिला विवरण तत्काल हेर्नसक्ने गरी अनुगमन तथा नियन्त्रण संयन्त्रको विकास गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **कन्टिन्जेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ को ढाँचामा तयार गर्नुपर्ने, अनुसूचीमा लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत थप गर्न सकिने, यस्ता वर्क चार्ज, स्टाफ खर्च, सानातिना अन्य खर्चलगायत कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालयबाट कार्यविधि स्वीकृत गराई गर्नुपर्ने उल्लेख छ । त्यस्तै, प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को दफा १९ मा कुनै स्वीकृत

आयोजना वा कार्यक्रमको कार्यान्वयन गर्दा कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा कन्टिन्जेन्सीबापतको रकम छुट्याउनु नहुने, बजेट तर्जुमा गर्दा नै कार्यालयका लागि आवश्यक पर्ने चालु तथा प्रशासनिक खर्च, सवारी साधन, मेशिनरी औजारलगायतको खर्च सम्बन्धित खर्च शीर्षकमा विनियोजन गरी खर्च गर्नुपर्ने, स्वीकृत आर्थिक संकेत वर्गीकरण एवम् व्याख्याअनुसार सम्बन्धित खर्च शीर्षकबाट खर्च लेख्न सकिनेलगायतको व्यवस्था छ । मन्त्रालयले यस वर्ष प्रदेश सरकारबाट यस्ता कन्टिन्जेन्सी खर्चबाट के कति खर्च भयो र सो को उपलब्धि के भयो सो सन्दर्भमा समिक्षा गरेको देखिएन । लेखापरीक्षण प्रतिवेदनमा आयोजना तथा कार्यालयले कन्टिन्जेन्सीबापतको रकम मितव्ययीरुपमा खर्च नगर्ने, आयोजना तथा कार्यक्रम सुरु हुनुभन्दा अगाडि नै कन्टिन्जेन्सी रकम खर्च गर्ने, कन्टिन्जेन्सी खर्चको अद्यावधिक खाता नराख्ने, आयोजना तथा कार्यक्रमबाहेकमा समेत खर्च गर्ने, चालु तथा प्रशासनिक खर्चमा बढी खर्च हुनेजस्ता विषयहरू औंल्याइएको हुँदा कन्टिन्जेन्सी खर्चमा मितव्ययीता नआएको अवस्था छ । अतः मन्त्रालयले आगामी दिनमा आयोजना तथा कार्यक्रमको लागि आवश्यक पर्ने प्रशासनिक खर्च र अन्य सानातिना खर्चको लागि आवश्यक पर्ने बजेट आर्थिक संकेत वर्गीकरण तथा व्याख्याअनुसारको खर्च शीर्षकमा विनियोजन गरी खर्च गर्ने गराउने र लागत अनुमानमा कन्टिन्जेन्सी खर्च समावेश गरी खर्च गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **प्रदेश आकस्मिक कोषः**

नेपालको संविधानको धारा २१२ मा प्रदेश ऐनबमोजिम प्रदेश आकस्मिक कोषको नामले एउटा कोष स्थापना गर्न सक्ने, त्यस्तो कोषमा समय समयमा प्रदेश ऐनबमोजिम निर्धारण भएको रकम जम्मा गरिने, उक्त कोष प्रदेश सरकारको नियन्त्रणमा रहने, प्रदेश सरकारले त्यस्तो कोषबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्ने र खर्चको रकम प्रदेश ऐनबमोजिम यथाशिघ्र सोधभर्ना गरिने उल्लेख छ । प्रदेशले आकस्मिक कोष सञ्चालन ऐन, २०७५ पारित गरेको भएतापनि पारित कानुनबमोजिम कोष स्थापना गरी कार्यान्वयन गरेको छैन । केही मन्त्रालय तथा अन्य निकायमा विभिन्न कोषहरू सञ्चालनमा रहेका छन् । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषमा रु. २१,८५,५२,७०५.००, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा रु. ५,६५,४९,०००.०० गरी जम्मा रु. २७,५१,०१,७०५.०० खर्च भई मौज्दात बाँकी रहेको देखिन्छ । अतः प्रदेश सरकारले कोरोनाजस्ता विषय सामान्य भैसकेको अवस्थामा यसरी खोलिएका कोषहरू बन्द गरी ऐनबाट नै कोष स्थापना गर्ने, कोषबाट खर्च गर्ने तथा पारित कानुनको पूर्ण कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **प्रदेश तहसिल कार्यालयः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४८ मा सरकारी बाँकीको लगत कायम गरी असुल उपर गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय मातहत रहने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश तहसिल कार्यालय स्थापना गर्न सक्ने र ऐनको दफा ४९ (३) तथा नियमावली, २०७९ को नियम ९० (१०) अनुसार सरकारी बाँकीको रुपमा लगत कायम गरिएको असुल उपर गर्नुपर्ने रकम नियमित प्रकृयाबाट असुल उपर हुन नसकेमा लेखा उत्तरदायी अधिकृतले विगत आर्थिक वर्षको बेरुजु समेत यकिन गरी प्रदेश तहसिल कार्यालयमा लगत कस्न लेखि पठाउनुपर्ने व्यवस्था छ । प्रदेश सरकारले हालसम्म कानुनमा उल्लेख भएबमोजिम प्रदेश तहसिल कार्यालय स्थापना गरेको छैन । अतः प्रदेश सरकारले कानुनमा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **घर भाडासम्बन्धी मापदण्डः**

सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को दफा २४(९) मा आफ्नो घरबाट दैनिक कार्यालय आवतजावत गर्न नसक्ने भई कार्यालय रहेको स्थानमा बहालमा बस्नुपर्ने भएमा, सरकारी भवन वा कार्यालय भवनमा आवासको व्यवस्था नभएको हकमा कर्मचारीहरूलाई आवास प्रयोजनको लागि घर भाडामा लिनु पर्दा वार्षिक बजेट विनियोजनअनुसार घर भाडा निर्धारण समितिले गरेको मूल्यांकनका आधारमा देहायको दरमा नबढ्ने गरी कार्यालयले घर भाडामा लिन सक्ने तर घर बहालबापतको रकम कर्मचारीलाई नगद भुक्तानी दिइने छैन भनि उल्लेख छ । साथै, आवास प्रयोजनका लागि कार्यालयले बहालमा लिएको घरमा पानी,

विजुली. सरसफाई बिलको भुक्तानी एवम् सानातिना मर्मतसम्भार खर्च कार्यालयले व्यहोर्ने र फर्निचर तथा फर्निसिङ सामग्रीहरूको खरिदको खर्च कार्यालयबाट व्यहोरिने छैन भन्ने उल्लेख छ ।

| पदाधिकारी | मासिक दर (प्रचलित भाडा मूल्य वा अधिकतम) | कैफियत |
|---|---|---|
| प्रमुख सचिव | आवास दिने (आवास उपलब्ध नभएसम्म रु. २४ , ००० /- ) | ह. स . चा ., कार्यालय सहयोगी वा भान्छे , पि . एस . ओ . लाई समेत बसोबासको व्यवस्था हुने गरी घर भाडामा लिन सकिनेछ । |
| प्रदेश सचिव वा सोसरहका पदाधिकारी | रु. २२ , ००० /- | ह. स . चा ., कार्यालय सहयोगी वा भान्छे बहालमा बस्न चाहेमा सँगै बसोबास गर्ने गरी घर भाडामा लिनुपर्नेछ । |
| महाशाखा प्रमुख, निर्देशनालय प्रमुख , कार्यालय प्रमुख | गाउँपालिका र नगरपालिकामा रु. १० , ००० /- महानगरपालिका र उपमहानगरपालिकामा रु . १५ , ००० /- | ह. स . चा ., कार्यालय सहयोगी वा भान्छे समेत बहालमा बस्ने भएमा सँगै बस्ने व्यवस्था गर्नुपर्नेछ । |
| माथि उल्लेखितबाहेक पाँच जनासम्म बहालमा बस्ने कर्मचारी भएमा | गाउँपालिका र नगरपालिकामा रु. १० , ००० /- महानगरपालिका र उपमहानगरपालिकामा रु . २५ , ००० /- | बहालमा बस्न आवश्यक हुने सबै कर्मचारीलाई समानरुपमा बसोबासको व्यवस्था मिलाउनु पर्नेछ । |
| पाँच जनाभन्दा बढी दश जनासम्म बहालमा बस्ने कर्मचारी भएमा | गाउँपालिका र नगरपालिकामा रु. २० , ००० /- महानगरपालिका र उपमहानगरपालिकामा रु . ४५ , ००० /- | |
| दश जनाभन्दा बढी बहालमा बस्ने कर्मचारी भएमा प्रति कर्मचारी गाउँपालिका र नगरपालिकामा रु. २ , ००० /- र महानगरपालिका र उपमहानगरपालिकामा रु . ५ , ००० /- थप गरी बहालमा लिन सकिनेछ । | | |

उपरोक्त बमोजिमको मापदण्डअनुसार घर भाडा लिँदा कति दुरीभन्दा टाढाको कर्मचारीलाई आवास सुविधा दिने, महाशाखा प्रमुख तथा कार्यालय प्रमुखबाहेकको कर्मचारीलाई संयुक्तरुपमा घर भाडामा लिँदा पाँच, दश र दशभन्दा बढी संख्याको थ्रेसहोल्ड रहेकोमा घर भाडा मितव्ययी नदेखिने, कर्मचारीको सरुवा भइरहने भएकोले कति संख्यालाई घर भाडा आवश्यक पर्ने हो यकिन गर्न नसकिने, गाउँपालिका/नगरपालिका तथा उपमहानगरपालिका/महानगरपालिकाको घर भाडा दरमा समेत धेरै फरक हुनु व्यहारिक नरहेको, ह.स.चा., कार्यालय सहयोगी वा भान्छेलाई सँगै बसोबास गर्ने गरी घर बहालमा लिन व्यवहारिकरुपमा कठिन रहनु, एक पटक घर भाडा सम्झौता गरेपछि त्यहाँ कर्मचारी नबस्ने भएमा सम्झौता प्रकृया अन्त्य गर्ने र पुनः कर्मचारी थप भएमा कोठा संख्या थप गरी सम्झौता गर्न कठिनाई हुनुजस्ता समस्याहरू रहेका देखिन्छन् । मन्त्रालयले यस वर्ष १३ जना कर्मचारीलाई घर भाडा सुविधा दिई रु. १३ लाख ८८ हजार खर्च गरेको छ । यसरी सबै कर्मचारीले समानरुपमा घर भाडा सुविधा प्राप्त गर्न नसक्ने, एक पटक सम्झौता गरेपछि घर खालि भएपनि कार्यालयलाई दायित्व रहिरहने, सरकारी घर भाडामा समेत व्यक्तिगत फर्निचर तथा फर्निसिङका सामग्री राख्नुपर्ने, पारिवारिकरुपमा घर भाडामा बस्दा तोकिएको मापदण्डले नपुग्नेलगायतका कारणले खर्च रकम बढेपनि अन्ततः कर्मचारीको मनोवलमा समेत असर पर्न सक्ने देखिन्छ । निजामती सेवा ऐनले परिकल्पना नगरेको विषयमा प्रदेश सरकारले निर्णय गरी दिएको यस्तो सुविधाले सरकारी खर्चमा मितव्ययीता ल्याएको छैन । अतः मन्त्रालयले घर भाडासम्बन्धी मापदण्डमा पुनरावलोकन गरी खर्चमा मितव्ययिता हुने गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बेरुजुको लगतः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ तथा नियमावली, २०७९ को नियम ८८ अनुसार प्रदेश मन्त्रालय तथा निकायले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने र बेरुजुको लगत राख्दा फर्स्यौट भएको तथा अन्तिम लेखापरीक्षणबाट थप भई आएको बेरुजु विवरण समेत समावेश गरी असुल, नियमित र पेश्की बेरुजुको फर्स्यौट अंक र

बाँकी अंक खुलाई विवरण तयार गरी अद्यावधिक गरी राख्नुपर्ने ल्लेख छ । कानुनमा भएको व्यवस्थाबमोजिम मन्त्रालयले बेरुजुको केन्द्रीय लगत तयार गरी राखेको पाइएन ।

सैद्धान्तिक बेरुजु

१५ **कार्य सम्पादन करारः**

प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १८ मा प्रदेश सरकारले कार्यसम्पादन गर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरी सक्नुपर्ने वा प्रदेश सरकारको प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम कार्यन्वयन गर्नुपर्ने भएमा कुनै अधिकारीसँग कार्य सम्पादन करार गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिँदा कामको विवरण, कार्यसम्पादन गर्नुपर्ने समयअवधि र कार्यसम्पादनको गुणस्तर वा परिमाणसमेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । ऐनमा प्रदेश सचिवले विभागीय मन्त्रीसँग र कार्यालय प्रमुखले मन्त्रालयको सचिवसँग कार्यसम्पादन करार गरेकोमा कामको गुणस्तर र परिमाण सम्बन्धी प्रगति आवद्ध गरेको पाइएन । पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन कार्यसम्पादन करार बमोजिम प्रगतिलाई आवद्ध गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **अनुगमन तथा मूल्याङ्कनः**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सन्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ । मन्त्रालयबाट विभिन्न अनुगमनका कार्य गरिएको भएता पनि सोको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको देखिएन । उच्चस्तरीय प्रशासन सुधार कार्यदलको प्रतिवेदन. २०८० ले अनुगमन तथा मूल्याकंनसम्बन्धमा उठान गरेको विषयलाई समेत मध्यनजर गर्नुपर्दछ । आगामी दिनमा आर्थिक अनुशासनलाई सबल बनाउन, जिम्मेवारी र जवाफदेहिता परिपालनामा तदारुकता ल्याउन, सेवा प्रवाहलाई जनमुखी एवं प्रभावकारी बनाउन, पूर्वाधार क्षेत्रको विकास गर्न तथा लक्षित कार्यक्रमहरू प्रभावकारी बनाउन वस्तुनिष्ठ अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याहरू समाधान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आन्तरिक नियन्त्रण प्रणालीः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने र नियमावली, २०७९ को नियम ८० मा मन्त्रालय वा अन्य निकायले आफ्नो र मातहत कार्यालयबाट सम्पादन गरिने कार्य, प्रदान गरिने सेवा तथा स्वीकृत कार्यक्रमबमोजिमको क्रियाकलाप मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो नियमावली प्रारम्भ भएको मितिले तीन महिनाभित्र लागू गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको भएपनि सो को पूर्णरुपमा पालना भएको पाइएन । आन्तरिक नियन्त्रण व्यवस्थाको पालना नगर्दा कार्यालयबाट संचालन हुने क्रियाकलापहरू मितव्ययी, पारदर्शी नहुने र कार्यालयबाट प्रवाह गरिने सेवाको प्रभावकारितामा समेत असर पर्ने भएकोले आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **दिगो विकास लक्ष्यः**

दिगो विकासका १७ वटा (लक्ष्य १४ बाहेक) लक्ष्यहरूलाई सन् २०३० सम्म हासिल गर्न सबै तहका सरकारहरू, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, विकास साझेदारलगायत सबैको उत्तिकै महत्त्वपूर्ण भूमिका हुने उल्लेख छ । मन्त्रालयबाट विवरणअनुसार यस वर्षको सुरु विनियोजित कुल बजेट रु. ३९ अर्ब ७३ करोड ८३ लाखमध्ये दिगो विकास लक्ष्यअनुसार सांकेतीकरण नगरिएको बजेट रु. २३ अर्ब ३८ करोड ४७ लाख ६२ हजार रहेको छ, जुन बजेटको ५८.८५ प्रतिशत हुन आउँछ । प्रदेशबाट विनियोजन भएको बजेटमध्ये लक्ष्य १४ बाहेक ५ वटा लक्ष्यमा शून्य बजेट र अन्य ५ वटा लक्ष्यहरूमा १ प्रतिशतभन्दा कम बजेट विनियोजन गरेको

देखिन्छ । त्यसैगरी, प्रदेशले सबैभन्दा बढी लक्ष्य ९ उद्योग, नवीन खोज र पूर्वाधारमा १८.९३ प्रतिशत बजेट विनियोजन गर्नुले प्रदेश सरकारको प्राथमिकता पूर्वाधार क्षेत्रमा रहेको देखिन्छ । बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यअनुसार बजेट सांकेतीकरण गर्ने तथा समानरुपमा दिगो विकासका लक्ष्य प्राप्त गर्न दिगो र सन्तुलित बजेट तर्जुमा गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **मध्यकालीन खर्च संरचनाः**

अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐन, २०७४ ले संघ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा अनिवार्य रुपमा मध्यकालिन खर्च संरचना (MTEF) तर्जुमा गरी पेश गर्नुपर्ने व्यवस्था गरेको छ । प्रदेशले २०७९।८०-२०८१।८२ को लागि पाँचौ मध्यकालीन खर्च संरचना तयार गरेको र सोमा दिगो विकास लक्ष्य, राष्ट्रिय विकास लक्ष्य र आवधिक योजनाको सोच तथा रणनीतिसँग वार्षिक वजेटलाई तादात्म्यता कायम गराउने प्रयास गरिएको उल्लेख गरेको भएपनि MTEF को कार्यान्वियन व्यवहारिक र वस्तुनिष्ठरुपमा हुन सकेको छैन ।

सैद्धान्तिक बेरुजु

२० **केन्द्रीय लेखा तथा वित्तीय विवरणः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ र ३१(२) तथा नियमावली, २०७९ को नियम ७६ बमोजिम लेखा उत्तरदायी अधिकृतले आफ्नो मन्त्रालय वा अन्तर्गतको निकायको सम्पत्ति र दायित्वको विवरण, आय व्ययको केन्द्रीय लेखा तथा वित्तीय विवरण तयार गरी असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रादेशिक लेखाको एकीकृत वित्तीय विवरण तयार गरी कात्तिक पन्ध्र गतेभित्र महालेखापरीक्षकको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । यस वर्ष मन्त्रालय र मातहतका १५ निकायको देहायबमोजिम विनियोजन रु. १ अर्ब ६० करोड २२ लाख २४ हजार, राजस्व रु. २७ अर्व ५७ करोड ७७ लाख ७५ हजार, धरौटी रु. १ करोड ४२ लाख ९५ हजार र अन्य कारोबार रु. ८ करोड ५० लाख ७८ हजारसमेत रु. २९ अर्ब २७ करोड ९३ लाख ७२ हजारको वित्तीय विवरण पेश भएको छ । उक्त विवरणअनुसार यस वर्ष चालुतर्फ सुरु विनियोजित रु. १६ करोड ४७ लाख ४१ हजारमा रकमान्तरसहित रु. १ अर्ब ६६ करोड ६८ लाख ३४ हजार अन्तिम बजेट कायम भएकोमा रु. १ अर्ब ५९ करोड ६७ लाख २८ हजार खर्च भएको छ । त्यसैगरी, पुँजीगत खर्चतर्फ सुरु विनियोजित रु. २ करोड ५८ लाख ५५ हजारमा रकमान्तरसहित रु. २ करोड २५ लाख ३१ हजार अन्तिम बजेट कायम भएकोमा रु. ५४ लाख ९६ हजार खर्च भएको छ । कुल खर्चमध्ये चालुतर्फ ९९.६६ प्रतिशत र पुँजीगततर्फ ०.३४ प्रतिशत खर्च भएको छ । कुल सुरु विनियोजित बजेट रु. १९ करोड ०५ लाख ९६ हजार रहेकोमा ७८६ प्रतिशतले बजेट बढ्न गई अन्तिम कुल बजेट रु. १ अर्ब ६८ करोड ९३ लाख ६५ हजार कायम भएको देखिन्छ, जसमध्ये बजेट विनियोजन नै नभएको खर्च शीर्षक २८२१९ (अन्य फिर्ता) मा रकमान्तरबाट रु. १ अर्ब ५० करोड बजेट कायम गरी रु. १ अर्ब ४९ करोड ६७ लाख ६७ हजार खर्च भएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

सैद्धान्तिक बेरुजु

२१ **वित्तीय जिम्मेवारी र जवाफदेहिताः**

प्रदेश आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ देखि ५७ मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्नुपर्ने व्यहोरा उल्लेख छ । उक्त जिम्मेवारी र जवाफदेहिताअनुसार योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने गराउने कर्तव्य मन्त्रालयको हकमा विभागीय मन्त्रीको हुने, ऐनबमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फस्र्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र समबन्धितबाट वित्तीय उत्तरदायित्व बहन भए नभएको सम्बन्धमा मन्त्रीको हकमा मुख्यमन्त्रीबाट तथा मन्त्रालयको हकमा मन्त्रीबाट हुने उल्लेख छ । साथै, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ११५ मा आर्थिक मामिला तथा योजना मन्त्रीको जिम्मेवारी, नियम ११९ मा लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी र नियम १२४ मा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिवको काम, कर्तव्य र जिम्मेवारीसम्बन्धमा व्यवस्था गरिएको छ । यस वर्ष मन्त्रालय र मातहत १५ निकायको सुरु विनियोजित रु. १९ करोड ०५ लाख ९६ हजारमा रकमान्तरबाट थप भई अन्तिम बजेट रु. १ अर्ब ६८ करोड ९३ लाख ६५ हजार

कायम भएकोमा रु. १ अर्ब ६० करोड २२ लाख २४ हजार खर्च भएको छ, कुल खर्चमध्ये चालुतर्फ ९९.६६ प्रतिशत र पुँजीगततर्फ ०.३४ प्रतिशत खर्च भएको छ। जसमध्ये चालुतर्फ रु. १ अर्ब ५९ करोड ६७ लाख २८ हजार र पुँजीगततर्फ रु. ५४ लाख ९६ हजार खर्च भएको छ, जुन अन्तिम बजेटको तुलनामा चालु खर्च ९५.७९ प्रतिशत र पुँजीगत खर्च २४.३९ प्रतिशत हुन आउँछ। सुरु विनियोजित बजेटको तुलनामा चालु खर्च ९६९.२४ प्रतिशत र पुँजीगत खर्च २१.२५ प्रतिशत हुनुले वित्तीय जिम्मेवारी पालना भएको देखिएन। यसरी कानुनबमोजिम उल्लिखित वित्तीय उत्तरदायित्व मन्त्री र लेखा उत्तरदायी अधिकृतबाट बहन भए नभएको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयमा अभिलेख तयार गरी राखेको छैन। ऐनको व्यवस्थाअनुसार तोकिएको जिम्मेवारी र जवाफदेहिता बहन गर्ने गराउनुपर्दछ।

| रु. हजारमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | सुरु बजेट | रकमान्तर (थप/घट) | अन्तिम बजेट | खर्च | कुल खर्चमध्ये खर्च प्रतिशत | अन्तिम बजेटमा खर्च प्रतिशत | सुरु विनियोजित बजेटमा खर्च प्रतिशत |
| १ | चालु खर्च | १६४७४१.०० | १५०२०९३.०० | १६६६८३४.०० | १५९६७२८.०० | ९९.६६ | ९५.७९ | ९६९.२४ |
| २ | पुँजीगत खर्च | २५८५५.०० | -३३२४.०० | २२५३१.०० | ५४९६.०० | ०.३४ | २४.३९ | २१.२६ |
| जम्मा | | १९०५९६.०० | १४९८७६९.०० | १६८९३६५.०० | १६०२२२४.०० | १००.०० | ९४.८४ | ८४०.६४ |

सैद्धान्तिक बेरुजु

२२ **थप स्रोत सुनिश्चितताः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्त्व सिर्जना हुने गरी खर्चको प्रतिवद्धता जनाउनु नहुने र मन्त्रालयले आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्त्व सृजना गर्नु पूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवं उपलब्धि, मध्यमकालीन खर्च संरचना, यस अधि सिर्जित दायित्त्वको विवरण, सम्बन्धित मन्त्रालयको बजेटलाई समेत आधार लिनुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भई रु. ३५ अर्ब ८८ करोड ७५ लाख ८२ हजार दायित्व सिर्जना भएको देखिन्छ। यस वर्षसम्ममा रु. २० अर्ब ७४ करोड ०७ लाख ८६ हजार भुक्तानी भई रु. १५ अर्ब १४ करोड ६७ लखा ९५ हजार दायित्व बाँकी रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा रु. ४ अर्ब ९५ करोड २७ लाख १४ हजार बजेट विनियोजन भएको देखिन्छ। प्रदेश सरकारको बजेटको तुलनामा आधा बजेट बराबरको रकम बहुवर्षिय आयोजनाहरूको दायित्व रहेको छ। मन्त्रालयले यस आर्थिक वर्ष २०७९/८० मा समेत थप ७० वटा योजनाहरूको लागि रु. १३ अर्व ११ करोड १४ लाख १५ हजारको स्रोत सहमति प्रदान गरेको छ। प्रदेश सरकारको वार्षिक बजेट सिमाभन्दा बढी बहुवर्षिय योजनाको दायित्त्व रहनु, स्रोत प्राप्तिको अवस्था कमजोर रहनुजस्ता अवस्थामा समेत पुनः मन्त्रालयले थप दायित्त्व सृजना गरी स्रोत सहमति प्रदान गर्नु उचित देखिएन। आगामी वर्षको नीति, बजेट तथा कार्यक्रमलाई असर पर्ने गरी दायित्त्व सिर्जना गरेकोले यस्तो प्रकृयामा नियन्त्रण एवम् सुधार गर्नुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)**

सैद्धान्तिक बेरुजु

२३ **रकमान्तरः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेतअन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। प्रदेश सरकारको कुल बजेट रु. ३९ अर्व ७३ करोड ८३ लाखमध्ये अर्थ विविधको रु. ४ अर्व १९ करोड ४६

लाख ८३ हजारसमेत रु. ४ अर्व २४ करोड ५४ लाख २१ हजार रकमान्तर भएको छ । सोमध्ये आषाढ महिनामा रु. २ अर्व ६१ करोड ५१ लाख ८१ हजार रकमान्तर गरी विभिन्न शीर्षक/उपशीर्षकमा रकम थप गरेको छ । प्रदेश संसदबाट स्वीकृत भएको बजेटमा यसरी रकमान्तर गरी सरकारले खर्च गर्दा बजेट अनुशासन पालना हुने अवस्था नदेखिँदा यसमा सुधार हुनुपर्दछ । साथै, वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **अर्थ विविधबाट रकमान्तरः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ९ र १० मा प्रदेश सरकार (कार्य विभाजन) नियमावलीबमोजिम सम्बन्धित मन्त्रालयलाई तोकिएको कार्य, सरकारको मौजुदा नीति, कार्यक्रम र प्रदेश आवधिक योजनाले निर्दिष्ट गरेका उद्देश्य, नीति तथा कार्यक्रमको आधारमा बजेट प्रस्ताव गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको मूल्यांकन र विश्लेषणको आधारमा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्नुपर्ने उल्लेख छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले यस वर्ष अवण्डा बजेटको रुपमा बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा रु. ३ अर्व ९१ करोड ७८ लाख ८४ हजार विनियोजन भएकोमा विभिन्न बजेट उपशीर्षकबाट रु. २९ करोड ४१ लाख १७ हजार थप गरी रु. ४ अर्व २१ करोड २० लाख ०१ हजार बजेट कायम गरेको छ । उक्त बजेटबाट विभिन्न मन्त्रालय तथा मातहत कार्यालयको लागि रु. ४ अर्व १९ करोड ४६ लाख ८३ हजार रकमान्तर गरेको छ । यसरी अवण्डा बजेटको रुपमा प्रयोग हुने गरी बजेट उपशीर्षक ६०२ (अर्थ विविध) मा बजेट विनियोजन गरी रकमान्तर गर्दा वित्तीय अनुशासन कायम नहुने, बजेट खर्च मितव्ययी नहुने, बजेटको सिद्धान्त विपरित हुने, प्रदेश सभालाई बजेटमाथि जानकारी नहुने तथा नियन्त्रण कमजोर हुने र बजेट विनियोजनमा पारदर्शिता नहुनेजस्ता कारणले गर्दा अर्थ विविधमा बजेट राखि रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **सीमाभन्दा बढी रकमान्तरः**

सीमाभन्दा बढी रकमान्तरः प्रदेश विनियोजन ऐन, २०७९ को दफा ३(३) मा कुनै पनि अनुदान संख्यामा बचत भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालयले अपुग हुने अनुदान संख्यामा रकमान्तर गर्दा विनियोजन गरेको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी गर्नुपर्ने उल्लेख छ । सार्वजनिक लेखा समितिको २०७६।१।९ को निर्णयबाट कानुनको परिधिभित्र रही रकमान्तर गर्न निर्देशनसमेत दिएको देखिन्छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यो वर्ष देहायअनुसार १२.८१ प्रतिशत देखि ७८६.३६ प्रतिशतसम्म बजेटमा थप/घट गरी रकमान्तर गरेको हुँदा मन्त्रालयले ऐनको पालना गरेको देखिएन । आगामी दिनमा कानुनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नु गराउनुपर्दछ । केही उदाहरण निम्नानुसार रहेका छन्ः

| रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | मन्त्रालय/ निकायको नाम | सुरु बजेट | खुद बजेट | रकमान्तर थप/घट | रकमान्तर प्रतिशत |
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८२२६६५ | ६८९३२६ | -१३३३३९ | -१६.२१ |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १९०५९६ | १६८९३६५ | १४९८७६९ | ७८६.३६ |
| ३ | कृषि मन्त्रालय | २३८८४५० | १९९५१४२ | -३९३३०८ | -१६.४७ |
| ४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २५६०९९ | २२३२९२ | -३२८०७ | -१२.८१ |
| ५ | सडक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | १२८८१२०६ | १४७५२७७० | १८७१५६४ | १४.५३ |

सैद्धान्तिक बेरुजु

२६ **बजेट समर्पणः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको रकम दोश्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने उल्लेख छ । यो वर्ष प्रदेश सरकारअन्तर्गत जम्मा १३ मन्त्रालय तथा निकायहरूमध्ये देहायबमोजिमका ११ मन्त्रालय तथा निकायले रु. ९० करोड १५ लाख ३२ हजार बजेट समर्पण गरेका छन् भने समर्पण भएकोमध्ये रु. ६४ करोड ०४ लाख २३ हजार चैत्र पन्ध्रभन्दा पछि मात्र समर्पण भएको देखिन्छ । ऐनमा भएको व्यवस्थाअनुसार बजेट समर्पण नभएको तथा अत्यावश्यक आयोजनामा रकम खर्च गर्न बजेट समर्पण गराउने गरिएतापनि खर्च नहुने गरी समर्पण गराउने कार्य उपयुक्त देखिएन ।

| क्र.सं. | मन्त्रालय/सचिवालय/आयोग | समर्पण बजेट (रु. हजारमा) |
|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | ४२४९८ |
| २ | प्रदेश लोक सेवा आयोग | ८६५० |
| ३ | प्रदेश योजना आयोग | ४२०४ |
| ४ | मुख्यन्यायाधिवक्ताको कार्यालय | १८०० |
| ५ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३०९६७ |
| ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३६८७५ |
| ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४९५०८ |
| ८ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | ६३७७७ |
| ९ | सामाजिक विकास मन्त्रालय | १३५९६० |
| १० | स्वास्थ्य मन्त्रालय | २६१८८५ |
| ११ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | २६५४०८ |
| जम्मा | | ९०१५३२ |

सैद्धान्तिक बेरुजु

२७ **पाँच आर्थिक वर्षको बजेट विनियोजन र खर्चको विवरणः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समिक्षा गर्नुपर्ने व्यवस्था छ । कोशी प्रदेशको विगत पाँच आर्थिक वर्षको विनियोजित बजेट र वास्तविक खर्चको विवरण देहायअनुसार रहेको छः

| सि.नं. | आर्थिक वर्ष | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७५/७६ | ३८४९२५३९ | २१२०२९३० | ५५.०८ |
| २ | २०७६/७७ | ४३७१७३२२ | २९८३३२४४ | ६८.२४ |
| ३ | २०७७/७८ | ४३४०८५५० | २७९५१२६१ | ६४.३९ |
| ४ | २०७८/७९ | ३४७६०८५३ | २९९६६४३६ | ८६.२१ |
| ५ | २०७९/८० | ३९९२७५४३ | ३०७५७७८२ | ७७.०३ |
| जम्मा | | २००३०६८०७ | १३९७११६५३ | ६९.७५ |

प्रदेश सरकार स्थापना भएदेखि आ.व. २०७९।८० सम्म जम्मा ६ वटा बजेट कार्यान्वयन भईसकेका छन् । आ.व. २०७४।७५ को बजेट माघ महिनादेखि बाँकी अवधिको लागि रहेको थियो । त्यसबाहेक पाँच आर्थिक वर्षको पूर्ण बजेट कार्यान्वयन भईसकेका छन् । विगत पाँच वर्षको कुल विनियोजन र खर्चको अवस्था विश्लेषण गर्दा आर्थिक वर्ष २०७५/७६ मा सबैभन्दा कम ५५.०८ प्रतिशत, आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढी ८६.२१ प्रतिशत र यस आर्थिक वर्षमा ९.१८ प्रतिशतले घटेर ७७.०३ प्रतिशत खर्च गरेको देखिन्छ भने औसतमा ६९.७५ प्रतिशत मात्र खर्च भएको देखिएकोले प्रदेश सरकारको बजेट कार्यान्वयन क्षमता उत्साहजनक रहेको देखिएन । अतः आगामी दिनमा खर्च क्षमतामा सुदृढ गरी बजेट कार्यान्वयनमा अपेक्षित प्रगति हासिल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **सरकारी सम्पत्तिको अभिलेखः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ (६) मा मन्त्रालयले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार मन्त्रालयको यस वर्षसम्मको सम्पत्ति रु. १३ करोड ८२ लाख १६ हजार रहेको देखिन्छ । मन्त्रालयले पेश गरेको सम्पत्ति विवरण PAMS प्रणालीमा प्रविष्टी गरेका सम्पत्तिहरूको एकीकृत जिन्सी मौज्दातको वार्षिक विवरणमा आधारित रही पेश गरेको देखिन्छ । यसरी PAMS प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मुल्य नखुल्ने सम्पत्तिको मुल्य रु. १ राखि प्रविष्टी गरिएको, कार्यालय रहेको घरजग्गा आफ्नो नाममा नामसारी नभएकोजस्ता कमजोरीहरू PAMS प्रणालीमा रहेका छन् । जसले गर्दा मन्त्रालयले तयार गरेको एकीकृत सम्पत्तिको विवरण यथार्थपरक रहेको छैन । अतः मन्त्रालयले सबै सम्पत्तिलाई PAMS प्रणालीमा प्रविष्टी गर्ने, मुल्य नखुलेका सम्पत्तिको मुल्य कायम गरी प्रविष्टी गर्ने र मन्त्रालयको यथार्थ सम्पत्तिको विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति र जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने र प्रतिवेदनमा सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी बाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी नबाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी मालसामानको संरक्षण र सम्भार भए वा नभएको व्यहोरा, मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण, टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पूरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने अवस्था भए वा नभएको व्यहोरा, सम्पत्ति तथा जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानी नोक्सानी भए वा नभएको र हानी नोक्सानी भएको भए कसको लापरवाहीबाट भएको हो सोको विवरण र एकै किसिमको सम्पत्ति तथा जिन्सी

मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरणलगायतको व्यहोराहरू उल्लेख गर्नुपर्दछ । यस वर्ष मन्त्रालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा माथि उल्लिखित व्यहोराहरूको समावेश नगरी PAMS प्रणालीको म.ले.प.फा.नं. ४११ जिन्सी निरीक्षण फारामलाई नै जिन्सी निरीक्षण प्रतिवेदनको रुपमा पेश गरेको छ । यस प्रतिवेदनमा जिन्सी मालसामानको परिमाण, मर्मत सम्भार गर्नुपर्ने र लिलाम गर्नुपर्ने संख्यात्मक विवरण मात्र उल्लेख हुने भएकोले जिन्सी मालसामानको उपयोग, हानी नोक्सानी र जिन्सी खरिद व्यवस्थापनको विषयमा यकिन गर्न सकिएन । अतः कानुनमा भएको व्यवस्थाबमोजिम सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गरी प्रतिवेदन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **लिलाम बिक्रीः**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०६ मा सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गर्नुपर्ने र जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रक्रिया सुरू गर्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त भएको जिन्सी निरीक्षण फाराममा सिसिटिभी ४, साइकल ९, पानी तान्ने पम्प १, रिभल्विङ चेयर ५ लगायतका सामग्रीहरू लिलाम बिक्री गर्नुपर्ने उल्लेख गरेको छ । लेखापरीक्षणको क्रममा कार्यालयले कानुनबमोजिम लिलाम बिक्रीको प्रक्रिया सुरु गरेको छैन । साथै, मन्त्रालयबाट पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा जिन्सी निरीक्षणका क्रममा देखिएका व्यहोराहरू र जिन्सी सामग्रीको व्यवस्थापन सुधारका लागि सुझावहरू दिइएको देखिएन । अतः मन्त्रालयले जिन्सी शाखा प्रमुखलाई जिम्मेवार बनाउँदै जिन्सी सामग्रीको सदुपयोग हुने गरी व्यवस्थित गर्ने गराउने, जिन्सी सामग्रीको दुरुपयोग हुन नदिने र कानुनबमोजिम तोकिएकोमा समयमा जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनि उल्लेख भएका सामग्रीहरूको लिलाम बिक्री गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **NPSAS मा आधारित प्रतिवेदनः**

नेपाल लेखामान बोर्डद्वारा नेपालको सार्वजनिक क्षेत्रको लागि विकसित गरिएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standard-NPSAS) को कार्यान्वयनको क्रममा यस मन्त्रालयले पेश गरेको NPSAS मा आधारित प्रतिवेदन र लेखा टिप्पणी सम्बन्धमा निम्नानुसारका व्यहोरा रहेका छन् :

• चालु आर्थिक वर्षमा निम्नअनुसारका शीर्षकमा रु. ११ अर्ब ७९ करोड १७ लाख ७३ हजार राजस्व प्राप्ति गरेकोमा सो को सुरु अनुमान, संशोधित अनुमान र गैर बजेटरी निकायतर्फको प्राप्ति संलग्न गरेको छैन । त्यस्तै, गत वर्गको तुलनामा यो वर्ष १४.०४ प्रतिशतले घटी राजश्व संकलन गरेको छ । मन्त्रालयले राजश्व संकलनको दायरा बढाई राजश्वमा वृद्धी गर्ने तथा शीर्षकगत अनुमानबमोजिमका क्रियाकलाप सञ्चालन र सम्पादन गरी राजस्व प्राप्तिलाई यथार्थपरक बनाउनुपर्दछ ।

| संकेत नं. | राजश्व शीर्षक | चालु आ.व.को प्राप्ति रु. | गत आ.व.को प्राप्ति रु. |
|---|---|---|---|
| ११००० | कर | ११०००९२४०१३.५८ | १२८६२४८१८११. |
| १४००० | अन्य राजस्व | ४०१८५४७४८.५२ | ४८६१६३४६७.९८ |
| १५००० | बेरुजु रकम र अन्य प्राप्ति जम्मा | ३८८९९४८१५.६७ | ३६९१५१८३३.९४ |
| ३३००० | बाँडफाँड हुने राजस्व | | |
| जम्मा | | ११७९१७७३५७७.७७ | १३७१७७९७११२.९२ |

• मन्त्रालय र अन्तरगतका कार्यालयहरुवाट यस आर्थिक वर्षमा रु. ५४ लाख ९६ हजार पुँजीगत खर्च गरेकोमा सवारी साधन तथा मेशीनरी औजार शीर्षकमा मात्र खर्च गरेको छ, जुन गत वर्षको तुलनामा ५७.६२ प्रतिशतले न्यून रहेको छ ।

• नियमित प्रकारका चालु खर्चमध्ये गत वर्ष पारिश्रमिक/सुविधा खर्चमा रु. ३ करोड ७६ लाख ७७ हजार रहेकोमा यो वर्ष रु. ४ करोड ४४ लाख २९ हजार भै गत वर्षको तुलनामा १७.९२ प्रतिशतले खर्च बढेको देखिन्छ । गत वर्ष मालसामान तथा सेवाको उपभोग खर्चमा

रु. ४ करोड २४ लाख ३३ हजार रहेकोमा यो वर्ष रु. ५ करोड ०३ लाख ९९ हजार भै गत वर्षको तुलनामा १८.७७ प्रतिशतले खर्च बढेको देखिन्छ । त्यस्तै, गत वर्ष अन्य खर्चमा रु. १ अर्ब ९३ करोड ७१ लाख २७ हजार रहेकोमा यो वर्ष रु. १ अर्ब ५० करोड १८ लाख ९८ हजार भै गत वर्षको तुलनामा २२.४७ प्रतिशतले खर्च घटेको देखिन्छ भने व्याज, सेवा शुल्क, सहायता खर्च, अनुदान खर्च र सामाजिक सुरक्षा खर्चमा खर्च भएको देखिदैंन ।

• प्रदेश ऐनबमोजिम विभिन्न प्रयोजनका लागि स्थापना र सञ्चालनमा रहेका धरौटी तथा अन्य कोषहरुको प्राप्ति र भुक्तानीको अवस्था सम्बन्धमा मन्त्रालयले सुरु मौज्दात अद्यावधिक नगरेको तथा गत वर्षको बाँकी मौज्दात रु. ८ करोड ६१ लाख ३२ हजार रहेकोमा सोहीअनुसार यो वर्ष अ.ल्या. गरेको देखिन्छ । यस वर्ष मन्त्रालयले रु. १ करोड ३२ लाख ४१ हजार प्राप्ति गरेकोमा रु. २९ लाख १० हजार भुक्तानी गरेको देखिन्छ । विवरणमा समावेश धरौटी र कार्य सञ्चालन कोषलगायत कोषको विस्तृत विवरण वित्तीय विवरणमा समावेश नगरेको हुँदा सो कोषको यथार्थ अवस्था यकिन हुन सकेन । प्राप्ति र भुक्तानीसहित गतको मौज्दात वा जिम्मेवारी सरेको सुरु मौज्दातलाई समेत अभिलेख र प्रतिवेदनको व्यवस्था गर्नुपर्दछ ।

| कोष हिसाबको नाम | गतको अ. ल्या . | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|
| धरौटी खाता | ८०७६८६८.७१ | ६२१८१५५. | २२४६६९८.२७ | १२०४८३२५.४४ |
| कार्य सञ्चालन कोष तथा अन्य खाता-सरकारी निकाय | ७८०५५५०९. | ७०२२९४६.९१ | ६६३६४८.३२ | ८४४१४८०७.५९ |
| जम्मा | ८६१३२३७७.७१ | १३२४११०१.९१ | २९१०३४६.५९ | ९६४६३१३३.०३ |

• मन्त्रालय र मातहतको जिन्सी तथा सम्पत्तिको अद्यावधिक विवरण गत वर्षको रु. १३ करोड ८८ लाख ०९ हजार रहेकोमा यस वर्ष पुँजीगत खर्चमा रु. ५४ लाख ९६ हजार खर्च भएतापनि गत वर्षको रकमलाई नै सारेको देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण समेत फरक रहेको देखिन्छ । यसर्थ, मन्त्रालयबाट लेखा टिप्पणीमा पेश गरेको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैंन । चालु खर्चमा नियन्त्रणसहित जिन्सी र पेश्की विवरणलाई अद्यावधिक गरी सोको यथार्थपरक विवरण वित्तीय विवरणमा समावेश गर्नुपर्दछ ।

• मन्त्रालयले तयार गरेको NPSAS मा आधारित वित्तीय प्रतिवेदनमा अधिकांश विवरण समावेश नगरी प्रतिवेदन तयार गरेको हुँदा मन्त्रालयको वित्तीय विवरण यथार्थपरक रहेको देखिदैंन ।

सैद्धान्तिक बेरुजु

३२ **स्थानीय तहलाई अनुदानः**

नेपालको संविधानको धारा ६० (५) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने उल्लेख छ । सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानलाई संविधानको मर्म र भावनाबमोजिम वितरण गर्ने गरी व्यवस्थित गर्दै यस्ता अनुदानको परिमाणलाई न्यूनीकरण गर्ने र स्थानीय तहको वित्तीय अन्तर (Fiscal Gap) परिपूर्ति गर्न वित्तीय समानीकरण अनुदानलाई क्रमशः बढाउँदै लाने नीति लिनुपर्ने आयोगले सुझाव दिएको छ । प्रदेश सरकाले प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ अनुसार स्थानीय तहलाई अनुदान प्रदान गर्दै आएको छ । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यस आर्थिक वर्ष २०७९/८० मा १३७ स्थानीय तहहरूलाई वित्तीय समानीकरण अनुदान रु. ८७ करोड ५४ लाख ७२ हजार, समपूरक अनुदान रु. १ अर्व २६ करोड ८ लाख ४४ हजार तथा सशर्त अनुदान रु. १ अर्व ६४ करोड ४९ लाख ७४ हजार समेत रु.३ अर्व ९० करोड ५८ लाख १८ हजार वित्तीय हस्तान्तरण गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ८४७ मिति २०८०।०१।१९ गतेको पत्रानुसार स्थानीय तहलाई हस्तान्तरण हुन बाँकी अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदानमा ५० प्रतिशतले हुन आउने रकम रु. १२ करोड ५० लाख मात्र हस्तान्तरण गर्ने निर्णय भएको देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई मन्त्रालयको निर्णयमा उल्लेख भएभन्दा रु. ४ लाख ७२ हजार ४२१ ले बढी वित्तीय समानीकरण अनुदान हस्तान्तरण गरेको छ । प्रदेश सरकारले यस आर्थिक वर्षमा मात्र अर्थ विविधबाट ३२ वटा योजना तथा कार्यक्रममा रु. ४ अर्व १९ करोड ४६ लाख ८३ हजार थप निकासा

दिएको छ भने आर्थिक वर्षको अन्त्यमा प्रदेश सञ्चित कोषमा रु. ५ अर्ब १९ करोड ७५ लाख २७ हजार नगद मौज्दात रहेको देखिन्छ । प्रदेश सरकारले योजना तथा कार्यक्रममा थप रकम निकासा दिने, प्रदेश सञ्चित कोषमा नगद मौज्दात बाँकी रहेको अवस्था छ । प्रदेश सरकारले स्थानीय तहलाई प्रदान गर्ने अन्य अनुदानमा पुनरावलोकन गरी वित्तीय समानीकरण अनुदानलाई बढाउनेतर्फ प्राथमिकता दिनुपर्दछ ।

| सि.नं. | अनुदान | विनियोजन | | निकासा/खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | | सुरु | संशोधित | | |
| १ | वित्तीय समानीकरण अनुदान | १०००००००००० | ८७५००००००० | ८७५४७२४२१ | -४७२४२१ |
| २ | समपुरक अनुदान | १३६००००००० | १३६००००००० | १०९५२२२६३२ | २६४७७७३६८ |
| ३ | सशर्त अनुदान | ८९१४४९००० | १७८६१००३७२ | १५७६२२७१२४ | २०९८७३२४८ |
| ४ | अन्य अनुदान | २०००००००० | ० | ० | ० |

सैद्धान्तिक बेरुजु

३३ **संघीय अनुदानः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार रहेको छः

| (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| अनुदान शीर्षक | बजेट अनुमान | अनुदान प्राप्ति | खर्च | फिर्ता |
| १३३११-वित्तीय समानीकरण अनुदान | ९००८२०० | ७८८२१७५ | ७८९७३९४ | - |
| १३३१२-सशर्त अनुदान | ८६९५९०० | ६५०८८२६ | ५४५४३८८ | १०५४४३८ |
| १३३१४-विशेष अनुदान | ४७५००० | ४७५००० | ३३२६९० | १४२३१० |
| १३३१६-समपूरक अनुदान | ९२०००० | ९२०००० | ५५६०७६ | ३६३९२४ |
| जम्मा | १९०९९१०० | १५७८६००१ | १४२४०५४८ | १५६०६७२ |

यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्:

१.१. यस वर्ष संघीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानबाट रू. १९ अर्ब ०९ करोड ९१ लाख प्राप्त हुने अनुमान गरेकोमा रू. १५ अर्ब ७८ करोड ६० लाख ०१ हजार (८२.६५ प्रतिशत) मात्र प्राप्त भएको छ । बजेट अनुमानअनुसार विशेष र समपुरक अनुदान प्राप्त भएको, वित्तीय समानीकरण अनुदानको अन्तिम किस्ताको ५० प्रतिशत कटौती भएको र सशर्त अनुदान अनुमानभन्दा कम प्राप्त भएको छ ।

१.२. अनुदान निकासा रू. १५ अर्ब ७८ करोड ६० लाख ०१ हजारमध्ये रू. १४ अर्ब २४ करोड ०५ लाख ४८ हजार (९०.२१ प्रतिशत) मात्र खर्च भएको छ भने सशर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदानमध्ये खर्च भई बाँकी रू. १ अर्ब ५६ करोड ०६ लाख ७२ हजार संघीय सञ्चित कोषमा फिर्ता भएको छ ।

१.३. वित्तीय समानीकरण अनुदान रू. ७ अर्ब ८८ करोड २१ लाख ७५ हजार प्राप्त भएकोमा रू. ७ अर्ब ८९ करोड ७३ लाख ९४ हजार खर्च भई रू. १ करोड ५२ लाख १९ हजारले प्राप्तिभन्दा बढी खर्च भएको देखिन्छ ।

१.४. संघीय सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयअन्तर्गत सञ्चालन हुने सघन शहरी विकास कार्यक्रम, वस्ती विकास कार्यक्रम, वैकल्पिक सहायक राजमार्ग, खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम, नदी नियन्त्रण र एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रमको रु. २ अर्ब १६ करोड ६७ लाख ६० हजार अनुदान फिर्ता गरेको हुँदा सशर्त अनुदानमा कमी हुन गएको छ ।

१.५. समयमा कार्यक्रम स्वीकृति र कार्ययोजनाअनुसार कार्य हुन नसक्दा प्राप्त भएको अनुदान विकास निर्माणमा खर्च हुन सकेको छैन ।

सशर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदान खर्च हुन नसकी फिर्ता भएको तथा वित्तीय समानीकरण अनुदानमा बढी खर्च भएको स्थितिले प्रदेश सरकारको खर्च अभिलेखाकंन र कार्यसम्पादन स्तरमा सुधार गरी खर्च गर्ने दक्षतामा वृद्धि गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **समपूरक अनुदानः**

समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दफा ६ (१) मा नेपाल सरकारले प्रदेश सरकारलाई समितिले छनौट गरेको आयोजना/कार्यक्रमको कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्ने र दफा ९ (१) प्रदेशले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजना/कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना/कार्यक्रममा मात्र खर्च गर्नुपर्ने उल्लेख छ । साथै, विनियोजन ऐन, २०७९ को दफा ४ (१२) मा समपूरक अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेशले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र संघीय सञ्चित कोषमा दाखिल गर्नुपर्ने र बचत रकम फिर्ता दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्ने उल्लेख छ । मन्त्रालयले संघीय सरकारबाट प्राप्त समपूरक अनुदानबाट कुन कुन आयोजना/कार्यक्रममा खर्च भयो र खर्चमध्ये समानुपातिकरुपमा ५० प्रतिशत खर्च भएको छ वा छैन अभिलेख तयार गरेको छैन । यस वर्ष मन्त्रालयले संघीय सरकारबाट प्राप्त भएको समपूरक अनुदानबाट खर्च नभई रु. ३६ करोड ३९ लाख २३ हजार फिर्ता गरेको छ । समपूरक अनुदानबाट आयोजना/कार्यक्रममा भएको खर्च र समानुपातिक अंश कट्टीको अभिलेख नराखि गरिएको फिर्ता रकम यथार्थपरक देखिदैंन । मन्त्रालयले समपूरक अनुदानबाट आयोजना/कार्यक्रममा भएको खर्चको अद्यावधिक विवरण नराख्दा कानुनबमोजिम संघलाई फिर्ता गर्नुपर्ने रकम यकिन हुन नसकी कम वा बढी फिर्ता हुन सक्ने जोखिम रहन्छ । मन्त्रालयले समपूरक अनुदानबाट आयोजना/कार्यक्रममा हुने वास्तविक खर्च र आनुपातिक अंश कट्टीको विवरण तयार गरी सो को प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **अन्तर सरकारी अख्तियारीः**

संघीय विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेशको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगततर्फको कुनै योजना तथा कार्यक्रम प्रदेशले नेपाल सरकारको सम्बन्धित कार्यलयमार्फत् कार्यान्वयन गराउन आवश्यक ठानेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने निर्णय गर्न सक्ने उल्लेख छ । त्यस्तै, प्रदेश विनियोजन ऐन, २०७९ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने उल्लेख छ । मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्ष देहायबमोजिमका दुई मन्त्रालयमार्फत् नेपाल सरकारका कार्यालयलाई चालु तथा पुँजीगत खर्चमा रु. २१ करोड ८८ लाख ०५ हजार बजेट विनियोजन गरेकोमा रु. २० करोड १८ लाख ९१ हजार खर्च भएको छ । ऐनमा भएको व्यवस्थाअनुसार नेपाल सरकारका निकायलाई बजेट विनियोजन गरी प्रदेश सरकारको कार्यक्रम कार्यान्वयन गरेकोमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको पाइएन । साथै, प्रेदश विनियोजन ऐनविपरित चालु खर्चतर्फ समेत बजेट विनियोजन गरी खर्च गरेको पाइयो ।

| (रु. हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | सम्बन्धित मन्त्रालय | बापत | विनियोजित बजेट | | | खर्च | | |
| | | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | कारागार, प्रहरी चौकीलगायतको मर्मत सम्भार तथा भवन निर्माण | | १९६५०५ | १९६५०५ | | १८१६८३ | १८१६८३ |
| २ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | मालपोत तथा नापी कार्यालयलाई चालु खर्च | २२३०० | | २२३०० | २०२०८ | | २०२०८ |
| जम्मा | | | २२३०० | १९६५०५ | २१८८०५ | २०२०८ | १८१६८३ | २०१८९१ |

अतः प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको रकम संघीय सरकार मातहतका निकायबाट उपरोक्तबमोजिमको कानुनी प्रकृया पूरा नगरी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **दरबन्दी तथा पदपूर्तिः**

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम कोशी प्रदेश सरकारले बनाएको संगठन तथा व्यवस्थापन सर्भेक्षणसम्वन्धी कार्यविधि, २०७९ ले प्रदेश मन्त्रालय वा सचिवालय र सोअन्तर्गतका निकायको कार्य जिम्मेवारी र कार्यबोझलाई ध्यानमा राखी आवश्यक कर्मचारीको संख्या यकिन गरी कार्य विवरण बनाई संगठन तथा दरवन्दी थपघट गर्ने उद्देश्यले कार्यविधि स्वीकृत गरी लागू गरेको छ । मन्त्रालयले सो कार्यविधिअनुसार व्यवस्थापन तथा सर्भेक्षण गरी दरवन्दी पुनरावलोकन गरेको छैन । मन्त्रालयबाट प्राप्त विवरणअनुसार साविकमा कायम भएको दरवन्दीबमोजिम मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम) १, उपसचिव (रा.प.द्वितीय) ४, शाखा अधिकृत वा सोसरह (रा.प.तृतीय) १८, नायब सुब्बा वा सोसरह (रा.प.अनं. प्रथम) १४, सहलेखापाल (रा.प.अनं. द्वितीय) १ सहित ४७ जनाको दरबन्दी रहेकोमा प्रदेश सचिवसहित ३१ पदमा पदपूर्ति भै उपसचिव २, शाखा अधिकृत वा सोसरह ७, नायब सुब्बा ६ र सहलेखापाल १ सहित १६ वटा पदमा पदपूर्ति हुन बाँकी रहेको देखिन्छ भने पदपूर्ति भएकोमध्ये उपसचिव २ र शाखा अधिकृत २ जना संघीय सेवाका कर्मचारीहरू कामकाजमा रहेको देखिन्छ । त्यसैगरी, मन्त्रालयअन्तर्गतका विभिन्न ६ वटा कार्यालयमा ४२ जनाको दरवन्दी स्वीकृत रहेकोमा ३६ पदमा पदपूर्ति भै ६ पदमा पदपूर्ति हुन बाँकी रहेको देखिन्छ । सो बाँकी पदमध्ये प्रदेश लेखा नियन्त्रक कार्यालयमा अधिकृत सातौं/आठौं २, अधिकृत छैटौं १ सहित ४ र इकाई कार्यालयहरूमा सहायक चौथो/पाँचौ २ पद रिक्त रहेको देखिन्छ । सेवा प्रवाह तथा योजनाको कार्यान्वयनमा प्रभाव नपर्ने गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरेर कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) मा कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब खुवाउन नहुने र तलबी प्रतिवेदन पास नगरी तलब खुवाएको भएमा त्यसरी तलब खुवाउने पदाधिकारीबाट त्यस्तो कर्मचारीले पाएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम सरकारी बाँकी सरह असुलउपर गरिने व्यवस्था रहेको छ । साथै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।५।१८ गतेको पत्रानुसार प्रदेश संवैधानिक आयोग, प्रदेश मन्त्रालय र प्रदेशअन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको प्रदेश मुकाम रहेको जिल्लाको हकमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख छ । मन्त्रालयले कानुनबमोजिम तलबी प्रतिवेदन पारित नगरी तलबमा रु. १ करोड ९७ लाख ८१ हजार ५०३ भुक्तानी गरेको छ । प्रदेशतर्फका कर्मचारीहरूको तलबी प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालयमबाट पारित नभएको मन्त्रालयले प्रतिक्रिया दिएको छ । कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब तथा भत्तामा खर्च लेख्नुपर्दछ ।

३८ **समायोजन ग्रेडः**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगतरुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताको आधारमा तह मिलान तथा ग्रेड ( तलब बृद्धि) कायम हुने गरी समायोजन गरिने व्यवस्था छ । मन्त्रालयले समायोजन हुनुभन्दा पहिलेको पदमा ५ वर्ष सेवा अवधि पूरा गरी प्रदेश कार्यालयमा तह वृद्धिसहित समायोजन भई आएका तपसिलका कर्मचारीलाई ऐनमा तोकिएको व्यवस्थाभन्दा फरक गरी तह वृद्धि भएको पदको सुरु तलब स्केलमा साविक पदको खाइपाई आएको ग्रेड रकम (समायोजन हुनुभन्दा अधिको ) समेत समावेश गरी रु. ६,०४,२६७.०० बढी भुक्तानी गरेको छ । उक्त बढी भुक्तानी रकम सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,०४,२६७ |

३९ **संघका कर्मचारीलाई थप तलब सुविधाः**

कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ मा सरकारी सेवाका कर्मचारी समायोजन गर्ने र समायोजन हुँदा कायम हुने ग्रेडसम्बन्धी व्यवस्था रहेको र प्रदेश वा स्थानीय तहको सेवाको शैक्षिक योग्यता मिल्ने जुनसुकै सेवा, समुहको पदमा सेवा सञ्चालन गर्ने निकायको सिफारिसमा निर्देशन तथा समन्वय समितिको निर्णयबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समायोजन गर्न सक्ने उल्लेख छ । सोबमोजिम संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनसम्बन्धी कार्य २०७५ चैत्रमा औपचारिकरुपमा सम्पन्न भएको जनाएको छ । प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ (३) मा कुनै संघीय निजामती सेवाको कर्मचारी प्रदेश सरकार मातहतको निकायको स्वीकृत दरबन्दीमा खटिँदा त्यस्तो कर्मचारीको सुरु तलबलगायतको सुविधा प्रदेश निजामती सेवाको समान तह कायम हुने पदको कर्मचारीको सुरु तलब सुविधाभन्दा कम हुने रहेछ भने कम हुने तलब सुविधा बराबरको रकम त्यस्तो पदमा खटिएको अवधिभर आर्थिक मामिला हेर्ने मन्त्रालयको निर्णयानुसार सम्बन्धित प्रदेश मातहतको निकायबाट पाउने उल्लेख छ । उपरोक्त ऐनलाई २०७९।११।१५ मा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले राजपत्रमा प्रकाशित भएको छ । त्यस्तै, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. ७८४/२०७९।१२।२८ को पत्रअनुसार प्रदेश निजामती सेवाका कर्मचारी प्रदेश सरकार मातहत निकायमा कामकाजमा खटिँदा प्रदेश निजामती सेवाको तह बराबर रहने भनी समान तह यकिन गर्नेसम्बन्धमा २०७९।११।०१ मा निर्णय भएको र माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तरीय निर्णयले २०७९।०६।१४ बाट लागू हुने गरी कम हुने तलब सुविधा बराबरको रकम त्यस्तो पदमा खटिएको अवधिभर कार्यरत निकायबाट प्रदान गर्ने निर्णय भएको छ । प्रदेश निजामती सेवा ऐन मिति २०७९।११।१५ मा प्रमाणीकरण भई राजपत्रमा प्रकाशित भएकोमा तह यकिन गर्ने निर्णय १४ दिन अगाडि नै भएको देखिन्छ भने ५ महिना अगाडिदेखिको तलब सुविधा प्रदान गर्ने भूतप्रभावी निर्णय गरेको देखिन्छ । त्यस्तै, प्रदेशलाई ठूलो आर्थिक व्ययभार हुने गरी प्रदेश सभाको व्यवस्थापकीय अधिकारसमेत आर्थिक मामिला मन्त्रालयलाई प्रदान गर्नु उचित देखिएन । सरकारी सेवाका कर्मचारीलाई समायोजन गर्ने र तलब सुविधासम्बन्धी व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम हुने स्पष्ट व्यवस्था रहेकोमा प्रदेशमा कर्मचारी समायोजन नभइ कामकाजमा आएको अवस्थामा समेत समायोजित कर्मचारीसरह सुविधा दिनु, प्रदेशको स्वीकृत दरबन्दीको कुन पदमा कामकाजमा रहेको यकिन हुन नसक्नु, कर्मचारी समायोजनसम्बन्धी कार्य औपचारिकरुपमा सम्पन्न हुनु, प्रदेश लोक सेवा आयोग स्थापना भई २०८०।०३।११ देखि प्रदेश निजामती सेवाका विभिन्न पदमा विज्ञापन भई भर्ना, छनोट तथा सिफारिस प्रकृया सुरु हुनु, ऐन पारित हुनुभन्दा अगाडिदेखि आर्थिक व्ययभार पर्ने गरी भूतप्रभावी निर्णय हुनु, कर्मचारीले खाइपाई आएको तलब सुविधा कायम भएको तहको सुरु तलब स्केलभन्दा कमी नदेखिनु, मन्त्रालयबाट तह मिलान गरी सुविधा दिने गरी कर्मचारीलाई सुविधा नतोक्नु, तलबी प्रतिवेदन पारित हुन नसक्नु र आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा समेत बेरुजु औल्याइएको सन्दर्भमा मन्त्रालयले देहायबमोजिमका कर्मचारीहरूलाई भुक्तानी गरेको तलब सुविधाबापतको रकम रु. १,६३,१९२.०० सम्बन्धित कर्मचारीहरूबाट असुल गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६३,१९२ |

४० **आन्तरिक लेखा परीक्षणबाट औंल्याइएका व्यहोराः**

मिति २०७९।०६।११ मा जारी भएको प्रदेश निजामती सेवा अध्यादेश, २०७९ को दफा ४६ (७) मा प्रदेशमा समायोजन हुँदा थप गरिएको २ ग्रेडलाई प्रचलित कानुनबमोजिम अधिकतम तलब वृद्धि संख्यामा समायोजन नगरी अतिरिक्त तलब वृद्धिका रुपमा प्रदान

गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा मिति २०७९।११।१५ मा जारी भएको प्रदेश निजामती सेवा ऐन< २०७९ को दफा ४६(७) मा प्रदेशमा समायोजन हुँदा थप गरिएको २ ग्रेडलाई प्रचलित कानुनबमोजिम अधिकतम तलब वृद्धि संख्यामा समायोजन नगरी अतिरिक्त तलब वृद्धिका रुपमा प्रदान गर्नुपर्ने छ तर नेपाल सरकार अर्थ मन्त्रालय वा सो मातहतका विभागीय निकायले तलब वृद्धिसम्बन्धी कुनै निर्णय वा परिपत्र गरेको भए सोहीबमोजिम हुनेछ भन्ने व्यवस्था रहेकोमा अर्थ मन्त्रालयको च.नं. ७०० मिति २०७७।०८।२६ मा भएको परिपत्रमा समायोजन हुँदा प्राप्त गरेको २ ग्रेड छुट्टै गणना गर्न नमिल्ने उल्लेख भएको साथै, म.ले.नि.का. को च.नं. १९ मिति २०७८।०१।०९ मा को.लि.नि.का. बाँकेलाई दिएको रायमा समेत समायोजन गर्दा थप गरिएको ग्रेड २०७६ साउनदेखि लागू हुने गरी तोकिएको तलबमानमा अधिकतम ग्रेड संख्या समायोजन हुँदा थप गरिएको २ ग्रेड समेत हो भन्ने उल्लेख भएता पनि २०७९।०६।११ को प्रदेश निजामती सेवा अध्यादेशबमोजिम अधिकृत सातौं मनोज निरौलालाई सञ्चयकोष थपसहित रु. १३,४४६.४० ग्रेड भुक्तानी खर्च लेखिएको देखिन्छ ।

कर्मचारी समायोजन ऐन, २०७५ को कानुनी व्यवस्थालगायत हालसम्मको कानुनी प्रकृयालाई मध्यनजर गरी तहाँ मन्त्रालयबाट यकिन गरी तलबी प्रतिवेदन पारित गरी तलब तथा ग्रेड रकम भुक्तानी हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **इन्धन खर्चः**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै, सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । मन्त्रालयले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धन (कार्यालय प्रयोजन) शीर्षकबाट यस वर्ष चारपाङ्ग्रे सवारी साधन ६ र मोटरसाइकल १४ लगायत सवारी साधनले प्रयोग गरेको इन्धन खर्चमा रु. २९ लाख ३४ हजार खर्च गरेको छ । मन्त्रालयले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । मन्त्रालयले इन्धनको माग फारम PAMS प्रणालीमार्फत् प्रदान गर्नुपर्नेमा सोअनुसार गरेको पाइएन । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर PAMS प्रणालीमार्फत् माग फारम स्वीकृत गर्ने र खर्च लेख्नेतर्फ मन्त्रालयको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४२ **मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यस वर्ष चारपाङ्ग्रे सवारी साधन ६ र मोटरसाइकल १४ लगायत सवारी साधन मर्मतमा रु. २४ लाख २७ हजार खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संरक्षण अभिलेख खाता राखेको पाइएन । आगामी दिनमा मन्त्रालयले यस्तो खर्चमा मितव्ययिता अपनाउनुको साथै नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **विद्युत जरिवानाः**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को परिच्छेद ३ दफा २१ (३) मा बिजुलीको महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना वापतको रकम तोकिएको जिम्मेवार व्यक्तिबाट वा सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट दामासाहीले असुल उपर गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले विद्युत महसुल समयमा नै भुक्तानी नगरी रु. २६,६३४.०० जरिवाना तिरेको छ । अतः आगामी दिनमा यसरी विद्युतलगायतको महशुल भुक्तानीमा जरिवाना भुक्तानी नगर्ने प्रतिवद्धतासहित जरिवाना रकम नियमित हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| अनियमित भएको | २६,६३४ |
|---|---|

४४ **शुभकामना कार्ड छपाईः**

प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययितासम्बन्धी निर्देशिका, २०७९ को परिच्छेद ३ दफा १६ (२) मा सरकारी खर्चमा शुभकामना कार्ड छपाई गर्न तथा शुभकामना सन्देश प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था छ । मन्त्रालयले यस वर्ष शुभकामना कार्ड छपाईलगायतको अनुत्पादक खर्चमा रु. १ लाख २९ हजार खर्च गरेको पाइयो । यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ४४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| सैद्धान्तिक बेरुजु |
|---|

# अनुगमन लेखापरीक्षण

४५ अनुगमन तथा सम्परीक्षणः

**(क) सम्परीक्षण :-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४० र ४१ बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । मन्त्रालयले आर्थिक वर्ष २०७८।७९ सम्मको बाँकी बेरुजु रु. २६२४३१०.५८ रहेकोमा सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत् अनुरोध गरेको छैन ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस आर्थिक मामिला तथा योजना मन्त्रालयको आर्थिक वर्ष २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भएपश्चात् बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्नेतर्फ मन्त्रालयको ध्यान जानुपर्दछ ।

| सि.नं. | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | यो वर्ष कायम बेरुजु (C) | सम्परीक्षणबाट कायम बेरुजु (D) | अध्याविधक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २६२४३१०.५८ | ० | ७९४०९३ | ० | ३४१८४०३.५८ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश , बिराटनगर महानगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Shiva Kumar Karki | २०७९-४-११ | २०७९-११-१७ |
| कार्यालय प्रमुख | श्याम प्रसाद भण्डारी | २०७९-११-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | केशव प्रसाद अर्याल | २०७८-१२-१४ | २०८०-५-२४ |
| लेखा प्रमुख | Manoj Niraula | २०७८-१२-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७६७,४५९ | २६,६३४ | ० | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ७९४,०९३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ९,४६४ |

बिनियोजन तर्फ :

| क्रम | बजेट उपशीर्षक | बार्षिक बजेट | खर्च/निकासा | पेस्की |
|---|---|---|---|---|
| १ | ३०५०००११३ | १०,३४,५०,००० | ५,२६,४९,२००.४६ | ० |
| २ | ३०५०००११४ | ९०,७५,००० | १९,६१,७३३ | ० |
| ३ | ३३६०००११३ | २,२३,७५,००० | ० | ० |
| ४ | ६०१०००१७३ | २,००,००,००० | ० | ० |
| ५ | ६०२००००१३ | २९,३७,००० | ० | ० |
| ६ | ६०२००००२३ | ५०,००,००० | ० | ० |
| ७ | ६०२०००११३ | ९३,८०,०१६ | ० | ० |
| ८ | ६०२०००१२३ | २४ | ० | ० |
| ९ | ६०२०००१२४ | ५९५ | ० | ० |
| १० | ६०२०००१३३ | ० | ० | ० |
| जम्मा | | १७२२१७६३५.० | ५४६१०९३३.४६ | ० |

राजस्व तर्फ :

| शीर्षक | गत बर्षको लगत बाँकी | असुली/दाखिला | बाँकी लगत | नगद बाँकी |
|---|---|---|---|---|
| १४२२९ | ० | १०० | ० | ० |
| १५१११ | ० | २,६८,५४५ | ० | ० |
| जम्मा | ०.० | २६८६४५.० | ०.० | ०.० |

धरौटी तर्फ :

| गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | फिर्ता रु | सदरस्याहा रु | बाँकी रु |
|---|---|---|---|---|---|
| ३,६४,३०४.६९ | ० | ३,६४,३०४.६९ | ८४,४१०.७७ | ० | २,७९,८९३.९२ |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | कार्यक्रम खर्च | कार्यक्रम सचालन खर्च मापदण्ड निर्देशिका 2075 वमोजिम नहुन सक्ने |
| २ | परामर्श सेवा | कार्यक्रम सचालन खर्च मापदण्ड निर्देशिका 2075 वमोजिम नहुन सक्ने |
| ३ | अनुदान | चालु प्रकृतिका खर्च |
| ४ | विविध | विविध |
| ५ | नयाँ ठेक्का व्यवस्थापन | खरिदमा सार्वजनिक कानूनको प्रकृया पालना नहुन सक्ने |
| ६ | चालु खर्च | कार्यक्रम सचालन खर्च मापदण्ड निर्देशिका 2075 वमोजिम नहुन सक्ने |
| ७ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | पारिश्रमिक तथा बैठक भत्ता भुक्तानी( पदाधिकारी तथा कर्मचारी)मा कानूनी प्रक्रिया पूरा नहुन सक्ने । |

## बेरूजु दफा २० सँग सम्बन्धित विवरण - अनुसूची - ३

| रु. हजारमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | सुरु बजेट | रकमान्तर (थप/ घट) | अन्तिम बजेट | खर्च | कुल खर्चमध्ये खर्च प्रतिशत | अन्तिम बजेटमा खर्च प्रतिशत | सुरु विनियोजित बजेटमा खर्च प्रतिशत |
| १ | चालु खर्च | १६४७४१.०० | १५०२०९३.०० | १६६६८३४.०० | १५९६७२८.०० | ९९.६६ | ९५.७९ | ९६९.२४ |
| २ | पुँजीगत खर्च | २५८५५.०० | -३३२४.०० | २२५३१.०० | ५४९६.०० | ०.३४ | २४.३९ | २१.२६ |
| जम्मा | | १९०५९६.०० | १४९८७६९.०० | १६८९३६५.०० | १६०२२२४.०० | १००.०० | ९४.८४ | ८४०.६४ |

| क्र.सं. | विनियोजन | अन्तिम बजेट | खर्च | बाँकी |
|---|---|---|---|---|
| १ | चालु खर्च | १६६६८३४ | १५९६७२८ | ७०१०६ |
| २ | पुँजीगत खर्च | २२५३१ | ५४९६ | १७०३५ |
| जम्मा | | १६८९३६५ | १६०२२२४ | ८७१४१ |
| क्र.सं. | विवरण | अ.ल्या./आम्दानी | खर्च/दाखिला | बाँकी |
| १ | राजश्व | २७५७७७७५५०७.७७ | २७५७७७७५५०७.७७ | ०.०० |
| २ | धरौटी | १४२९५०२३.७१ | २२४६६९८.२७ | १२०४८३२५.४४ |
| ३ | अन्य कारोबार | ८५०७८४५५.९१ | ६६३६४८.३२ | ८४४१४८०७.५९ |
| जम्मा | | २७६७७१४८९८७.३९ | २७५८०६८५८५४.३६ | ९६४६३१३३.०३ |

## बेरूजु दफा २२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| (रु. हजारमा) | | | | |
|---|---|---|---|---|
| मन्त्रालय | ठेक्का सम्झौता रकम | आ.व. २०७९/८० सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व. २०८०/८१ को विनियोजन |
| भौतिक पूर्वाधार विकास मन्त्रालय (भवन आवास तर्फ) | ३३४०६८२.७७ | १३६११९८.९१ | १९७९४८३.८६ | ७३१००० |
| भौतिक पूर्वाधार विकास मन्त्रालय (सडक र पूल तर्फ) | २९९९२९२२.९ | १७९८६१५९.२३ | १२००६७६३.६२ | ३८२८६७० |
| खानेपानी सिँचाई तथा उर्जा मन्त्रालय | १८३८००४.२६ | १०८६०५९.७९ | ७५१९४४.४७ | २७८०४४ |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | ७१५९७२.५९ | ३०७३६८.९३ | ४०८६०३.६६ | ११५००० |
| जम्मा | ३५८८७५८२.५ | २०७४०७८६.८६ | १५१४६७९५.६१ | ४९५२७१४ |
| पुनश्चः माथि उल्लेखित दायित्व ठेक्का सम्झौता रकम मात्र हो । | | | | |

## बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -५

| आर्थिक मामिला तथा योजना मन्त्रालय | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 2079/80 साल मा समायोजन ग्रेडको विषयमा मुद्दाका विषयमा म.ले.प.का लागि पेश भएको 2 किसिमको हिसावको विवरण | | | | | | | | | | | | |
| क्र. सं. | कर्मचारीको नाम | समायोजन भएको मिति | समायोजन भएको तह | साविक देखी खाइरहेको ग्रेड विवरण | | | | | | | | |
| | | | | ग्रेड वृद्धि हुने महिना | सुरु नियुक्ती मिति | खाइपाइ आएको ग्रेड र महिना | | खाइपाइ आएको ग्रेड र महिना | | कुल प्राप्त ग्रेड संख्या | फरक ग्रेड संखया | ग्रेड दर |
| 1 | श्री उमा शर्मा तिवारी | 2075.11.13 | आठौं | असोज | 2067.4.01 | ७ | १२ | ० | ० | ८४ | १४ | १६२५ |
| 2 | श्री पुष्पलता उप्रेती | 2075.11.30 | आठौं | चैत्र | 2069.12.28 | ७ | १२ | ० | ० | ८४ | ४१ | १६२५ |
| 3 | श्री लिलाबल्लब नेपाल | 2076.09.02 | छैटौं | पौष | 2066.08.03 | ७ | ५ | ८ | ७ | ९१ | ५९ | १४५६ |
| 4 | श्री अमृता भट्टराई | 2075.11.30 | छैटौं | मंसिर | 2067.08.02 | ७ | ४ | ८ | ८ | ९२ | ४९ | १४५६ |
| 5 | श्री बिनोद ढुंगेल | 2075.11.30 | छैटौं | मंसिर | 2067.08.15 | ७ | ४ | ८ | ८ | ९२ | ४९ | १४५६ |
| 6 | श्री अनिता घिमिरे | 2075.11.30 | छैटौं | कार्तिक | 2068.06.29 | ७ | ३ | ८ | ९ | ९३ | ५० | १४५६ |
| 7 | श्री योगेन्द्र नारायण चौधरी | 2075.11.30 | छैटौं | पौष | 2068.09.13 | ६ | ५ | ७ | ७ | ७९ | ३६ | १४५६ |
| 8 | श्री फणिन्द्रनाथ अधिकारी | 2075.11.30 | छैटौं | चैत्र | 2066.04.01 | ७ | ८ | ८ | ४ | ८८ | ४५ | १४५६ |
| जम्मा | | | | | | | | | | | | |

## बेरूजु दफा ३९ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र.सं. | कर्मचारीको नाम | पद | कायम तह | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | केशव प्रसाद अर्याल | उपसचिव | अधिकृतस्तर नवौं | ३५०८३ | असोज १४ देखि आषाढ |
| २ | खगेन्द्र खड्का | उपसचिव | अधिकृतस्तर नवौं | ३८७६३ | असोज १४ देखि आषाढ |
| ३ | विष्णु कुमार थेगुवा | अधिकृत | अधिकृतस्तर आठौं | ३२९८० | असोज १४ देखि जेष्ठ |
| ४ | राम प्रसाद तिम्सिना | अधिकृत | अधिकृतस्तर आठौं | १५१४४ | असोज १४ देखि आषाढ |
| ५ | दुर्गा ढकाल | अधिकृत | अधिकृतस्तर सातौं | २०६११ | असोज १४ देखि आषाढ |
| ६ | केशव कोइराला | अधिकृत | अधिकृतस्तर सातौं | २०६११ | असोज १४ देखि आषाढ |
| जम्मा | | | | १६३१९२ | |

## बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -७

| गो. भौ . नं ./ मिति | भुक्तानी पाउने | भुक्तानी रकम रु. | जरिवाना रकम रु. |
|---|---|---|---|
| १।०७९।०४।२६ | नेपाल विद्युत प्राधिकरण | ५००००० | १९३९८ |
| १४७।०७९।१२।०५ | नेपाल विद्युत प्राधिकरण | ५०००० | ५३६३ |
| १७४।०८०।०१।०५ | नेपाल विद्युत प्राधिकरण | १६५०० | १८७३ |
| जम्मा रु. | | | २६६३४ |

## बेरूजु दफा ४४ सँग सम्बन्धित विवरण - अनुसूची -८

| क्र. सं . | गो. भौ . नं ./ मिति | आपूर्तिकर्ता | रकम रु. |
|---|---|---|---|
| १ | ४७।०७९।०६।१२ | कुन्तादेवी छापाखाना | ५०००० |
| २ | ६६।०७९।०७।०३ | | ७९१०० |
| जम्मा रु . | | | १२९१०० |